निर्णय प्रमाणित
२०७९/११/१३

बखतबहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

मिति २०७९/११/१६ गतेको गाउँ कार्यपालिकाको ९ औं बैठकमा पेश भएका प्रस्तावहरु:

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति /शाखा |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | संशोधित बजेट तथा कार्यक्रम सम्बन्धमा । | भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा संशोधित बजेट तथा कार्यक्रम पेश गर्ने । | |
| ३. | विनियोजन ऐन, २०७९ संशोधन सम्बन्धी विधेयक, २०७९ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा विनियोजन ऐन, २०७९ संशोधन सम्बन्धी विधेयक, २०७९ पेश गर्ने । | |
| ४. | नीतिगत निर्णय सम्बन्धमा । | भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा नीतिगत निर्णय गर्नको लागि प्रस्ताव माथि छलफल तथा निर्णय गर्ने । | |
| ५. | शिक्षा विधेयक २०७९ सम्बन्धमा | भगवतीमाई गाउँपालिका शिक्षा विधेयक २०७९ गाउँसभामा पेश गर्ने । | |
| ६. | कर्णाली प्रदेश जनता आवास कार्यक्रम र विपन्नको घर निर्माण कार्यक्रमको लागि लाभग्राही छनौट सम्वन्धमा । | कर्णाली प्रदेश जनता आवास कार्यक्रम र विपन्नको घर निर्माण कार्यक्रमको लागि लाभग्राही छनौट गरी पूर्वाधार विकास कार्यालय दैलेखमा सिफारिस गर्ने । | |
| ७. | झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत आवश्यक झोलुङ्गे पुलहरुको विवरण स्थानीय पूर्वाधार विभागमा पठाउने । | |
| ८. | नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उपशाखा कार्यालयको भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्वन्धमा । | यस भगवतीमाई गाउँपालिका कृषि सेवा केन्द्रको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक रुम गा.वि.स. हाल भगवतीमाई गाउँपालिका वडा नं. २ वेस्तडा स्थित कित्ता नं. ६८३ क्षेत्रफल ९०० वर्गमिटर मध्ये दक्षिण पूर्व तर्फ २०० वर्ग मिटर उपलब्ध गराउने । | |
| ९. | मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति गठन सम्वन्धमा । | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/०८२) को बुँदा नं. ४.२.४ बमोजिम यस गाउँपालिकामा कार्ययोजना कार्यान्वयन सुनिश्चिता गर्न देहाय बमोजिम मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति गठन गर्ने । | |
| १०. | यस गाउँपालिका अन्तर्गत सामुदायिक वनमा रहेका सल्लाको रुखबाट खोटो संकलन सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वनहरुमा रहेका सल्लाका रुखबाट खोटो संकलन कार्य यस अघि रोक्का गरिएकोमा वन तथा वातावरणमा असर नपर्ने गरी सामुदायिक वनमा रहेका सल्लाको रुखबाट खोटो संकलन तथा विक्री गर्नको लागि फुकुवा गर्ने । | |

११. विविध



CamScanner

मिति २०७९/११/१६ गतेको गाउँ कार्यपालिकाको ९ औं बैठकबाट भएका निर्णयहरु:

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

२. भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा संशोधित वजेट तथा कार्यक्रम पेश गर्नको लागि वडास्तरीय आयोजना तथा कार्यक्रम माथि छलफल गरियो । गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम माथि आगामी बैठकमा छलफल गरि पेश गर्ने निर्णय गरियो ।

३. भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा विनियोजन ऐन, २०७९ संशोधन सम्बन्धी विधेयक, २०७९ पेश गर्ने निर्णय गरियो ।

४. भगवतीमाई गाउँपालिका शिक्षा (आधारभूत तथा माध्यामिक तह) विधेयक, २०७९ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मा पेश गरिने नीतिगत निर्णय सम्बन्धी प्रस्तावहरु माथि छलफल तथा निर्णय आगामी बैठकमा गर्ने ।

६. कर्णाली प्रदेश जनता आवास कार्यक्रम र विपन्नको घर निर्माण कार्यक्रमको लागि लाभग्राही छनौट गरी पूर्वाधार विकास कार्यालय दैलेखमा सिफारिस गर्नको लागि वडा कार्यालयले ५ दिनभित्र लाभग्राही छनौट गरि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

तपसिल:

| क.सं. | वडा नं. | जनता आवास कार्यक्रम | विपन्नको घर निर्माण कार्यक्रम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | ० | ० | ० | |
| २. | २ | १ | १ | २ | |
| ३. | ३ | १ | ० | १ | |
| ४. | ४ | १ | ० | १ | |
| ५. | ५ | ० | १ | १ | |
| ६. | ६ | ० | ० | ० | |
| ७. | ७ | १ | ० | १ | |
| | जम्मा | ४ | २ | ६ | |

७. यस भगवतीमाई गाउँपालिका अन्तर्गत निर्माण गर्न आवश्यक अनुसूची-१ बमोजिमका झोलुङ्ग पुलहरुको विवरण स्थानीय पूर्वाधार विभागमा पठाउने निर्णय गरियो।

८. यस भगवतीमाई गाउँपालिका, कृषि सेवा केन्द्रको नाममा दर्ता श्रेस्ता कायम रहि यस गाउँपालिकालाई हस्तान्तरण भएको साविक रुम गा.वि.स. वडा नं. १ हाल भगवतीमाई गाउँपालिका वडा नं. २ वेस्तडा स्थित कित्ता नं. ६८३ क्षेत्रफल ९०० वर्गमिटर मध्ये दक्षिण पूर्व तर्फ २०० वर्ग मिटर जग्गा नेपाल रेडक्रस सोसाईटी भगवतीमाई उप-शाखा कार्यालयको भवन निर्माणको लागि उपलब्ध गराउने निर्णय गरियो।



CamScanner

९. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/०८२) को बुँदा नं. ४.२.४ बमोजिम यस गाउँपालिकामा कार्ययोजना कार्यान्वयन सुनिश्चिता गर्न देहाय बमोजिम मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो:

तपसिल:

| क्र.सं. | नामथर | पद | समितिमा जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | गणेशबहादुर थापा | अध्यक्ष भगवतीमाई गा.पा. | -संयोजक | |
| २. | मिनाकुमारी खड्का | उपाध्यक्ष भगवतीमाई गा.पा. | -सदस्य | |
| ३. | वडा अध्यक्ष सबै | वडा अध्यक्ष – ७ जना | -सदस्य | |
| ४. | शाखा प्रमुख | सामाजिक तथा आर्थिक विकास शाखा | -सदस्य | |
| ५. | शाखा प्रमुख | शिक्षा यूवा तथा खेलकूद | -सदस्य | |
| ६. | कृष्णप्रसाद अधिकारी | नागरिक समाज वडा नं. ४ | -सदस्य | |
| ७. | पद्मा शाही | नागरिक समाज वडा नं. २ | -सदस्य | |
| ८. | नन्दे खड्का | नागरिक समाज वडा नं. ५ | -सदस्य | |
| ९. | प्रमुख | वेस्तडा प्रहरी चौकी | -सदस्य | |
| १०. | प्रमुख प्रशासकीय अधिकृत | भगवतीमाई गाउँपालिका | -सदस्य सचिव | |

१०. यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वनहरुमा रहेका सल्लाका रुखबाट खोटो संकलन कार्य यस अघि रोक्का गरिएकोमा वन तथा वातावरणमा असर नपर्ने गरी सामुदायिक वनमा रहेका सल्लाको रुखबाट खोटो संकलन तथा विक्री गर्नको लागि फुकुवा गर्ने निर्णय गरियो ।

११. नेपाल रेडक्रस सोसाईटीद्वारा सञ्चालित सामुदायिक स्वास्थ्यका लागि एकीकृत पहल कार्यक्रम अन्तर्गत तिनतारे विद्यालय घोषणाको लागि देहाय बमोजिम विद्यालय छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री कालिका मा.वि. डौरीमन्घर | वडा नं. ४ | |
| २. | श्री ज्वाला मा.वि. वेस्तडाँ | वडा नं. १ | |